annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०१ पृष्ठ ८ | काठमाडौं, मंगलबार ११ मंसिर २०८१ | मार्ग कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | TUESDAY, NOVEMBER 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## कीर्तिपुरमा चुनावी सरगर्मी

# बाहिर छैन चहलपहल, भित्रभित्रै तीव्र तयारी




काठमाडौंको कीर्तिपुरमा आगामी मंसिर १६ गते हुने उपनिर्वाचनको सन्दर्भमा छलफल गर्दै स्थानीय बासिन्दा। ● अशोक दुलाल

मंसिरको चिसो सिरेटोले छोपिसकेको छ। यता कीर्तिपुरमा भने उपचुनावले त्यहाँको माहोल तातिएको छ। चोक-चोक, पाटी-सत्तलमा बसेर स्थानीय चुनावी चर्चा परिचर्चामा व्यस्त देखिन्छन्। तर जसरी निर्वाचनमा लाग्नुपर्ने हो, त्यसरी लागेको भने देखिँदैन। बिहान, बेलुका प्रचारप्रसार भए पनि दिउँसो यहाँको वातावरण सुनसान देखिन्छ। सूचना प्रविधिमार्फत प्रचार बढी हुन थालेकाले विगतको जस्तो अवस्था नरहेको उम्मेदवारहरू नै बताउँछन्।

सुरेन्द्र काफ्ले/राजकरण महतो | *कीर्तिपुर* – को रिपोर्ट

समाचार पृष्ठ २

## सेबोन अध्यक्षमा श्रेष्ठ नियुक्त



**काठमाडौं** (अन्नपूर्ण): काठमाडौं झन्डै ११ महिना रिक्त रहेको नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्षमा सन्तोषनारायण श्रेष्ठलाई नियुक्त गरिएको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले श्रेष्ठलाई अध्यक्ष नियुक्त गरेको हो।

यसअघिका अध्यक्ष रमेशकुमार हमालको कार्यकाल २०८० साल पुस २० गते सकिएपछि अध्यक्ष पद रिक्त थियो। राजनीति खिचातानीले गर्दा सेबोन नेतृत्वविहीन थियो। यद्यपि सरकारले कामुका रूपमा सरकारी कर्मचारीलाई सिफारिस गरेर राख्दै आएको थियो। अध्यक्ष नहुँदा अधिकांश कामहरू रोकिएका थिए। आईपीओ निष्कासनदेखि धेरै काममा अवरोध भएकाले सरोकारवालाहरूले अध्यक्ष राख्न माग गर्दै आएका थिए।

अध्यक्ष नियुक्ति सिफारिसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा समिति बनेको थियो। समितिले आइतबार श्रेष्ठसहित डा. नवराज अधिकारी र मुक्तिनाथ श्रेष्ठको नाम सिफारिस गरेको थियो। सोही सिफारिसको आधारमा मन्त्रिपरिषद् बैठकमा अर्थमन्त्री विष्णु पौडेलले प्रस्ताव पेस गरेका थिए। सोही आधारमा मन्त्रिपरिषद्ले उनीहरूमध्ये सन्तोषनारायण श्रेष्ठलाई धितोपत्र बोर्डको अध्यक्षमा नियुक्त गरेको हो।

राजनीतिक खिचातानीका कारण गत पुसदेखि धितोपत्र बोर्ड नेतृत्वविहीन थियो। सर्टलिस्टमा परेकाहरूको अन्तर्वार्ता आइतबार सकिएको थियो। आवेदन दिएकामध्ये कृष्णबहादुर कार्की र डा. नवराज अधिकारीको अन्तर्वार्ता र प्रस्तुतीकरण आइतबार भएको थियो। नवनियुक्त अध्यक्ष श्रेष्ठले काठमाडौं विश्वविद्यालयबाट बिजनेस एडमिनिस्ट्रेसनमा स्नातकोत्तर गरेका छन्। स्याङ्जाको भिरकोट जन्मस्थान रहेका श्रेष्ठले २० वर्षभन्दा बढी अवधि विभिन्न कम्पनीको नेतृत्व सम्हालेका छन्। नयाँ जिम्मेवारीलाई उनले आगामी दिनमा आफ्नो कामबाटै प्रमाणित गर्ने बताउँछन्। पुँजीबजारको सुधारमार्फत नेपालको पुँजीबजारलाई साँच्चिकै लगानी जुटाउने स्रोतको रूपमा विकास गरी मुलुकको विकास र समृद्धिमा योगदान गर्ने उनको प्रतिबद्धता छ।

# बीआरआई हस्ताक्षर गर्ने मध्यमार्गी बाटो खोज्दै प्रधानमन्त्री

**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले मंसिर १७ देखि चीनको औपचारिक भ्रमण गर्दैछन्। उनको चीन भ्रमणका क्रममा 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)' परियोजनाको कार्यान्वयन योजनासम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने कि नगर्ने भन्ने विषयमा सोमबार दलहरू छलफल गरेका छन्। छलफलका क्रममा दलहरूको मिश्रित धारणा सार्वजनिक भएका छन्।

प्रधानमन्त्री ओलीले चीन भ्रमणबारे सुझाव लिन पूर्वप्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरूसँग गरेका छलफलमा कांग्रेसले बीआरआई कार्यान्वयनमा सम्झौता गर्न नहुने आफ्नो यसअघिकै धारणा यथावत् राखेको छ।

प्रधानमन्त्री ओलीले आफू चीन भ्रमणमा जानु अघि बीआरआई कार्यान्वयनलगायत अन्य सहमति र सम्झौताबारे सुझाव लिन उक्त बैठक बोलाएका थिए। उनले ठूलो विवाद हुने गरी आफूले नयाँ सम्झौता नगर्ने उल्लेख गर्दै मुलुकको हित हुने गरी भ्रमणको गृहकार्य भइरहेको बताए। प्रधानमन्त्री ओलीले भने, 'हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौं। ऋणको पासोमा पार्न ऋण लिइँदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नु हुँदैन। दुई देशको सम्बन्ध अझै बलियो बनाउनयो भ्रमण हो।'

उनले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुने गरी तयारी भएको जानकारी दिए।

प्रधानमन्त्री ओलीले भारतभन्दा चीनमा पहिला पुगे पनि अर्का छिमेकी भारतसँग पनि उस्तै मित्रवत् सम्बन्ध रहेको स्पष्ट पारे। उनले दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुने गरी लिन सक्नुपर्नेमा जोड दिए। उनले नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई



कुनै देशविरुद्ध 'कार्ड'का रूपमा कसैले लिन नहुने आग्रह गरे। अर्कोतिर माओवादी केन्द्र र एकीकृत समाजवादीले बीआरआई परियोजना सम्झौता गर्नुपर्ने तर त्यसको लागि मध्यमार्गी उपाय के हुन सक्छ भन्नेतर्फ ध्यान दिन आग्रह गरेका छन्। पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो कार्यकालमा भएका सहमति र समझदारी कार्यान्वयनको बाटोमा लैजान सकेमात्रै चीन भ्रमण सफल हुने सुझाव दिए।

बैठकपछि प्रचण्डले भने, 'नेपाल-चीन सम्बन्धमा मेरो कार्यकाल र मेरो भ्रमणमा जुन विश्वासको वातावरण निर्माण भएको थियो र जुन समझदारी बनेका थिए, त्यसको सही कार्यान्वयनको बाटोमा जान सकेमा तपाईंको भ्रमण सफल मान्न सकिन्छ।'

बैठकमा बोल्दै प्रतिपक्ष दल नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओली चीनसँगको बीआरआई परियोजना अघि बढाउने विषयमा डराउन नहुने बताए।

अध्यक्ष नेपालले सो परियोजना नेपालको हितमा रहेकाले त्यसबाट लाभ लिनुपर्ने विचार राखे। सो परियोजना नेपालले यसअघि नै स्वीकार गरिसकेकाले त्यसलाई अघि बढाउने कुरामा डराउन नहुने उनको भनाइ थियो।

» बाँकी पृष्ठ ६

## सुनको मूल्य एक्कासि घट्यो

**ममता थापा** | *काठमाडौं*

सामान्यतया: मंसिर महिना विवाहको लगन हुने भएकाले सुनको मूल्य बढ्ने गर्थ्यो तर यतिबेला मूल्य ह्वात्तै घटेको छ। सरकारले सुन आयातमा लगाउँदै आएको भन्सार दर २० प्रतिशतबाट घटाएर १० प्रतिशतमा झारेकै दिन बजारमा सुनको मूल्य तोलामै १५ हजार ९०० रुपैयाँले घटेको हो।


अघिल्लो दिन मंसिर ९ गते छापावाला सुन प्रतितोला १ लाख ६७ हजार २ सय रुपैयाँमा बिक्री भइरहेकोमा एकै दिनको अन्तरमा घटेर मंसिर १० गते सोमबार १ लाख ५१ हजार ३ सय रुपैयाँमा सीमित भएको हो।

यससँगै, सरकारले चाँदीको भन्सार दर १५ प्रतिशतबाट घटाएर १० प्रतिशतमा राखेपछि बजारमा चाँदीको मूल्य पनि घटेको छ। सोमबार चाँदी प्रतितोला १ सय १५ रुपैयाँ घटेर १ हजार ८ सय ४५ रुपैयाँमा सीमित भएको छ। जबकि अघिल्लो दिन आइतबार चाँदी प्रतितोला १ हजार ९ सय ६० रुपैयाँ थियो।

» विस्तृत पृष्ठ ५

# चिसो बढ्दै, डेंगु संक्रमण घट्दै

**दिनेश गौतम** | *काठमाडौं*




डेंगु संक्रमणको उकालो ग्राफ चिसो बढ्न थालेसँगै ओरालो लागेको छ। यस वर्ष ७६ जिल्लामा संक्रमण फैलाउँदै १३ जनाको ज्यान लिएको डेंगु संक्रमण घट्दै गएको छ।

वर्षात्को बेला डेंगु संक्रमण दर उकालो लागेकोमा जाडो मौसम आएसँगै संक्रमण दर घटेको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार अहिले डेंगु संक्रमण ह्वात्तै घटेको छ। 'जाडो सुरु भएसँगै डेंगु संक्रमणको जोखिम घट्दै छ,' डा. बुढाथोकी भन्छन्, 'वर्षा लाग्यो कि डेंगु संक्रमणको डर बढ्छ। असार महिनादेखि संक्रमण बढ्दै गई भदौ, असोजमा उच्च हुने प्रवृत्ति देखिएको छ।'

डेंगु भाइरस संक्रमित एडिस एजिप्टी र एडिस अल्वोपिक्टस जातको लामखुट्टेको टोकाइबाट डेंगु संक्रमण हुन्छ। डा. बुढाथोकीका अनुसार डेंगु संक्रमण घट्नुमा तीन मुख्य कारण रहेको औंल्याउँछन्। मौसममा आएको परिवर्तन, डेंगु नष्ट गर्ने अभियान र नागरिकमा देखिएको सचेतताले संक्रमण दर घट्दै गएको डा. बुढाथोकीको दाबी छ।

कात्तिक अन्तिम सातादेखि डेंगु संक्रमण विस्तारै ओरालो झर्न सुरु भएको हो। अघिल्लो दुई महिना भदौ र असोजमा मात्रै २१ हजारभन्दा बढी व्यक्तिमा डेंगु संक्रमण पुष्टि भएको थियो। पछिल्लो तीन सातामा ३ हजार दुई ६१ जनालाई मात्र संक्रमण भएको छ। विगत ११ महिना (जनवरीदेखि हालसम्म)को अवधिमा ३२ हजार ७ सय जनालाई डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

वरिष्ठ जनस्वास्थ्यविज्ञ डा. बाबुराम मरासिनीका अनुसार जाडो महिना सुरु भएसँगै डेंगु संक्रमण गराउने लामखुट्टेको प्रजनन क्षमतामा घट्दै जान्छ। 'जाडोमा लामखुट्टेको प्रजनन क्षमता घट्दै जान्छ,' डा. मरासिनी भन्छन्, 'डेंगु फैलाउने लामखुट्टेकै संख्या घटेका कारण डेंगु संक्रमण पनि ओरालो लाग्दै गएको हो।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार १० देखि २५ डिग्री सेल्सियस तापक्रम डेंगु फैलाउन लामखुट्टेको लागि सबैभन्दा अनुकूल रहन्छ। ५ मिलिलिटर जमेको स्थिर पानीमा डेंगु फैलाउने लामखुट्टेको लार्भा हुर्कन्छन्। वरिष्ठ जनस्वास्थ्य विज्ञ डा. मरासिनी भन्छन्, 'डेंगु फैलाउन लामखुट्टेको लागि जाडो समय अनुकूल मानिँदैन। वर्षात्को बेला झैं जताततै स्थिर पानी पनि नहुँदा फुल पार्न पनि सहज हुँदैछ। लामखुट्टेको प्रजनन क्षमतामा पनि ह्रास आउँछ।'

### गण्डकीमा उच्च संक्रमण

यस वर्ष सबैभन्दा बढी गण्डकी प्रदेशमा डेंगु संक्रमितहरू पुष्टि भएका छन्। कुल संक्रमणको झन्डै ४६ प्रतिशत यस प्रदेशमा पाइएको छ। संक्रमण पुष्टि भएका ७७ जिल्लामध्ये सबैभन्दा बढी संक्रमित कास्की जिल्लामा पुष्टि भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार कास्कीमा मात्रै ७ हजार ५ सय २३ जनामा यस वर्ष संक्रमण पुष्टि भएको छ। डेंगुले ज्यान लिएका १३ जनामध्ये ८ जना गण्डकी प्रदेशका छन्।

कास्कीपछि सबैभन्दा बढी संक्रमित काठमाडौं जिल्लामा पुष्टि भएका छन्। काठमाडौं जिल्लामा ५ हजार ५ सय ३५ जनामा संक्रमण पुष्टि भएको छ। त्यस्तै, तेस्रोमा तनहुँ छ। तनहुँमा २ हजार ४ सय ९६ जनामा संक्रमण पुष्टि भएको छ। पर्वत जिल्लामा १ हजार ८ सय २० जनामा संक्रमण पाइएको छ। ललितपुर जिल्लामा १ हजार ३ सय ६६ जनामा संक्रमण पुष्टि भएको छ। बागलुङ जिल्लामा १ हजार ३ सय २३ जनामा संक्रमणको चपेटामा परेका छन्।

संक्रमणको सातौंमा चितवन जिल्ला सूचीकृत भएको छ। चितवनमा १ हजार २ सय १२ जनामा संक्रमण पुष्टि भएको छ। आठौंमा भक्तपुर जिल्ला परेको छ। भक्तपुरमा १ हजार १ सय ४ जना संक्रमित पाइएका छन्। नवौंमा गोरखा जिल्ला रहेको छ। गोरखा जिल्लामा ९ सय ४४ जनामा संक्रमण पुष्टि भएको छ। दसौं स्थानमा कैलाली जिल्ला परेको छ। कैलालीमा ४ सय ९५ जना संक्रमित पुष्टि भएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार यस वर्ष हुम्ला जिल्लामा डेंगु संक्रमण पाइएन।